nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

32°C । वर्ष : १०, अंक : ३२५ पृष्ठ ४ । शनिबार,२१ असार २०८२ । SATURDAY, JUNY 05, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## सत्यतथ्य बाहिर नआएसम्म जगदम्बा स्टिल बन्द राख्न सोनलको माग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० असार ।***

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का मधेस प्रदेश अध्यक्ष तथा प्रदेशसभा सदस्य जितेन्द्र सोनलले बाराको सिमरास्थित जगदम्बा स्टिल उद्योगमा भएको भट्टी विस्फोटको यथार्थ छानबिन नगरी उद्योग पुनः सञ्चालन नगर्न आग्रह गरेका छन् । बुधबार राति उद्योगमा फलाम पगाल्ने भट्टी विस्फोट हुँदा एक मजदुर गम्भीर घाइते भएका थिए । विस्फोटको आवाजले सिंगो सिमरा क्षेत्र आतंकित बनेको थियो । प्रदेशसभा सदस्य सोनलले उक्त घटनाबारे उच्चस्तरीय छानबिन समिति गठन गरेर पारदर्शी रूपमा तथ्य सार्वजनिक गर्न नेपाल सरकार र सम्बन्धित निकायहरूलाई माग गरेका छन् । उनले भने, "छानबिन



बिना उद्योग सञ्चालनमा ल्याउने प्रयास भयो भने त्यसबाट उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी उद्योग व्यवस्थापनले लिनुपर्नेछ ।" सोनलले घाइते मजदुरको निःशुल्क उपचारको व्यवस्था मिलाउन समेत आग्रह गर्दै उनको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । सत्यतथ्य बाहिर नआएसम्म उद्योग बन्द राख्न अनुरोध गर्दै सोनलले जनताको सुरक्षालाई प्राथमिकतामा राख्न आग्रह गरेका छन् ।

## सडक विस्तारको विरोधमा मेनरोडका पसलहरु बन्द

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० असार ।***

व ी र ग न् ज महानगरपालिकाले त्रिभुवन राजपथ अन्तर्गत गण्डकदेखि मितेरी पुलसम्मको मुख्य सडक विस्तारका लागि सोमबारदेखि सुरु गरेको संरचना हटाउने कार्यको चर्को विरोध भइरहेको छ । शुक्रबार बिहान वीरगन्जको मुख्य व्यापारिक क्षेत्र मेनरोडका पसलहरू बन्द गरिए, टायर बालेर विरोध प्रदर्शन गरिएको छ, र घर-घरमा कालो झण्डा झुण्ड्याइएको छ । यो आन्दोलन वीरगन्ज बचाउ संघर्ष समिति र वीरगन्ज युवा तथा व्यापारी सडक पीडित संघर्ष समितिको अगुवाइमा गरिएको हो । बिहीबार राणीसती धर्मशालामा बसेको बैठकले शुक्रबार बिहान ११ बजेसम्म बजार बन्द गर्ने निर्णय गरेअनुसार प्रदर्शन गरिएको हो । संघर्ष समितिका अध्यक्ष जवाहर गुप्ताले भने, "सडक विस्तारको नाममा घरधनीका हक अतिक्रमण गरिएको



छ, हामी यस्तो गैरकानुनी कार्य सहन सक्दैनौं ।" यसअघि मंगलबार प्रभावित घरधनीहरूले जिल्ला प्रशासन कार्यालयमा पुगेर प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई ज्ञापनपत्र बुझाउँदै संरचना भत्काउने कार्य तत्काल रोक्न माग गरेका थिए । तर महानगरपालिकाले भने सर्वोच्च अदालतको आदेशअनुसारै सडक विस्तार भइरहेको बताउँदै सोमबारदेखि वीरगन्ज भन्सार क्षेत्रबाट काम सुरु गरेको हो । महानगरले सडक क्षेत्रभित्र पर्ने संरचना डोजर प्रयोग गरेर हटाउने कार्य तीव्र बनाएको छ । यता स्थानीय घरधनीहरूको आरोप छ कि महानगरपालिका आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर संरचना भत्काइरहेको छ र यो कार्य तत्काल रोक्नुपर्ने उनीहरूको माग छ ।

## बीरगन्जमा महिला संचारकर्मीका लागि ३ दिने क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० असार ।***

महिला संचारकर्मीहरुको लागि ३ दिने क्षमता अभिवृद्धि कार्यक्रम आज सम्पन्न भएको छ । वीरगंज महानगरपालिकाको सहयोगमा श्री राधेमाई सामुदायिक विकास संस्थाले वीरगंजको होटल हिमालमा कार्यक्रमको आयोर्जना गरिएको थियो । समापन कार्यक्रममा बोल्दै महानगरपालिकाका मेयर राजेशमान सिंहले कसैको पछि लाग्ने पत्रकार हुनुभन्दा निर्भिक भएर तटस्थ भएर पत्रकारिता गर्न सुझाव दिए । यसैगरि प्रमुख प्रशासकीय अधिकृत अरबिन्द लाल कर्णले पत्रकार महिलाहरुलाई दिईने तालिमले महिलाहरुको क्षमता वृद्धि हुने र पत्रकारिता क्षेत्रमा सूचनामुलक समाचार लेख्न, बोल्न, प्रकाशन गर्न मद्दत पुग्ने बताए । नेपाल पत्रकार महासंघका निर्वतमान उपाध्यक्ष युवराज खड्काले पत्रकारिता गर्ने क्रममा चुनौतीहरुको सामना गर्नुपरे पनि



ती चुनौतिहरुलाई पन्छयाउदै अघि बढ्न सकेमात्र सिकेको सीपको सहि सदुपयोग हुने बताए । संचारकर्मी आन्नद पटेलले दिनुभएको तालिममा १५ जना महिला संचारकर्मीहरुको सहभागिता रहेको थियो । संस्थाकी अध्यक्ष पुजा गोंडको अध्यक्षतामा तालिम सम्पन्न भएको हो ।

## बीरगन्जमा विभिन्न प्रजातिका चार सय विरुवाहरु रोपियो

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० असार ।***

वीरगन्जमा शुक्रबार पुनः एकपटक हरियाली प्रवर्द्धनको उद्देश्यले बृहत वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । वीरगन्ज-१६ अन्तर्गत रजत जयन्ति चोकदेखि बाइपास हुँदै वैष्णवी मन्दिरसम्मको सडकको डिभाइडर र फुटपाथ क्षेत्रमा करिब ४ सय बिरुवाहरू रोपिएका छन् ।कार्यक्रमको शुभारम्भ वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले विरुवा रोपेर गरेका थिए । ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगर, सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर र वीरगन्ज महानगरपालिकाको संयुक्त पहलमा वृक्षारोपण कार्यक्रम आयोजना गरिएको हो । ग्रीन सिटी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानका अनुसार यो अभियान वीरगन्जलाई हरित शहरतर्फ उन्मुख गराउने दीर्घकालीन प्रयास हो । वृक्षारोपण कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, नेपाली सेनाका कर्णेल निराजन कटुवाल, सशस्त्र प्रहरी नायब उपरीक्षक लोकेन्द्र




सुब्बा, साबिह दरबार वीरगन्जका अध्यक्ष उमेशलाल सहनी, युवा अभियन्ता दिलीपराज कार्की, कमल चौगाइँ, वीरगन्ज सामुदायिक आँखा अस्पतालका सञ्चालक महेशसिंह धामीलगायत विभिन्न निकाय र समुदायका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

## लागूऔषध खाने बीरगन्जका एकसहित दुई युवक पक्राउ

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० असार ।***

लागू औषधसहित प्रहरीले दुइ जना युवकलाइ पक्राउ गकेको छ । पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका वडा नम्बर १६ बस्ने २४ वर्षका अनुत्तम बहादुर श्रेष्ठ र नवलपरासी गैडाँकोट नगरपालिका वडा नम्बर १४ घर भई हेटौंडा उपमहानगरपालिका वडा नम्बर १७ बस्ने २६ वर्षका

बाँकी तेश्रो पृष्ठमा

## तस्कर र सशस्त्र प्रहरीबीच भीडन्त, ६ प्रहरी घाइते

***जनकपुर,२० असार ।***

धनुषाको विदेह नगरपालिका-२ मा बिहीबार साँझ सशस्त्र प्रहरी र तस्कर समूहबीच भएको भीडन्तमा ६ जना सशस्त्र प्रहरी घाइते भएका छन् ।

सशस्त्र प्रहरी उपरीक्षक (एसपी) निर्मल खड्काका अनुसार सशस्त्र प्रहरीको करिब ३० जनाको टोली तस्करीको सामग्री लुकाइएको भन्ने सूचनाका आधारमा दशगजा नजिकै रहेको एक आँपको बगैंचामा छापा मार्न गएको थियो । त्यहीबेला झन्डै एक सयभन्दा बढी तस्करहरू घरेलु हतियार, ढुंगा र लाठीसहित

बाँकी तेश्रो पृष्ठमा

## १८ लाखभन्दा बढी मूल्यका तस्करीका कपडा बरामद

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० असार ।***

सशस्त्र प्रहरी बलले बीरगन्ज क्षेत्रमा तस्करीका कपडामाथि ठुलो कारवाही गर्दै १८ लाख रुपैयाँभन्दा बढी मूल्यका सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण पर्सा र भन्सार कार्यालयको संयुक्त टोलीले बीरगन्ज-१६ स्थित छपकैया र नदिया टोलमा छापा मारेर तस्करीका कपडा बरामद गरेको हो ।

सशस्त्र प्रहरी नायब उपरीक्षक तथा पर्सा गणका सूचना अधिकारी देवेन्द्रबहादुर सिंहका अनुसार, बरामद गरिएका कपडाको कुल मूल्य १८ लाख ५५ हजार ३५० रुपैयाँ रहेको छ । ती कपडाहरू भन्सार प्रक्रिया नपुऱ्याई चोरीपैठारीमार्फत ल्याइएको आशंका गरिएको छ । बरामद गरिएका सबै सामग्री वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको प्रहरी स्रोतले जनाएको छ । सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणलाई प्राथमिकतामा राखेर निगरानी र कारवाही तीव्र बनाएको जनाएको छ ।

## आगोले जलेर एक महिलाको मृत्यु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० असार ।***

पर्साको जिराभवानी गाउँपालिकामा आगोले जलेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा जिराभवानी गाउँपालिका-२ सेढवा निवासी ४४ वर्षीया कोपिला चौधरी रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । प्रहरीका अनुसार, गएराति करिब १०:३० बजे मादक पदार्थ सेवनपछि घरमै विवाद हुँदा कोपिला चौधरीले आफ्नै शरीरमा डिजल छर्केर आगो लगाएकी थिइन् । आगोले गम्भीर घाइते भएपछि उनलाई तत्काल बीरगन्जको नारायणी अस्पतालमा भर्ना गरिएको थियो ।

तर, अवस्था गम्भीर भएपछि थप उपचारका लागि काठमाडौं लगिएको र उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएको छ ।

## खानेपानी मन्त्रालयले दियो बीरगन्ज महानगरलाई दुई वटा पिकअप गाडी

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० असार ।***

संघीय सरकारअन्तर्गतको खानेपानी मन्त्रालयले वीरगन्ज महानगरपालिकालाई दुई थान पिकअप गाडी हस्तान्तरण गरेको छ । यो सहयोग खानेपानी मन्त्री प्रदीप यादवको पहलमा गरिएको हो । जापानी कम्पनी टोयोटाबाट निर्मित ती पिकअप गाडीहरू कार्यालय प्रयोजनका लागि प्रदान गरिएको मन्त्रालयले जनाएको छ । केही दिनअघि मन्त्री यादवले वीरगन्जका मेयर राजेशमान सिंह र प्रमुख



प्रशासकीय अधिकृत अरबिन्दलाल कर्णलाई गाडीका कागजात हस्तान्तरण गरेका थिए । त्यसपश्चात ती गाडी वीरगन्ज ल्याइएका थिए । शुक्रबार, वीरगन्ज महानगर

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिण्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## विश्वासकै पिर

सर्वोच्च अदालतको संवैधानिक इजलासले बुधबार मध्यरात बहुप्रतिक्षित मुद्दाको फैसला सुनायो । प्रधान न्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको संवैधानिक इजलासले सुनाएको फैसला बमोजिम संवैधानिक निकायका ५२ पदाधिकारीको नियुक्ति सदर भएको छ । प्रधान न्यायाधीश राउत र न्यायाधीश डा.नहकुल सुवेदीले नियुक्ति बदरको राय राखेका थिए । तर न्यायाधीशहरू सपना प्रधान मल्ल, डा.मनोज शर्मा र डा.कुमार चुडालले नियुक्ति सदरको राय दिए । यसरी संवैधानिक इजलासको बहुमतबाट साढे चार वर्ष अगाडि भएका नियुक्ति सदर भएको छ । सुनुवाइ सकेर पनि पटकपटक निर्णय सुनाउने मिति सर्वोच्चले सारिरहनुको अर्थ पनि बुधबार मध्यरातको फैसलासँगै प्रष्ट भयो । अर्थात् संसदीय सुनुवाइ बिना भएको नियुक्तिलाई सदर गर्ने वा बदर भन्नेमा न्यायाधीशहरू नै बाँडिए । सकेसम्म साझा मत बनाउने प्रयत्न प्रधानन्यायाधीश राउतबाट भएको प्रष्ट भयो । फैसलापछि विभिन्न थरी प्रतिक्रिया आइरहेको छ । सम्मानित सर्वोच्चको आदेश स्वीकार्य हुने भन्दै राजनीतिक नेतृत्वबाट आ-आफ्ना धारणा सार्वजनिक भइरहेको छ । सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेका नेताहरुले यो फैसलालाई स्वागत गरेको देखिन्छ । महासचिव शंकर पोखरेलले लामो समयको विवाद हल भएको प्रतिक्रिया सामाजिक सञ्जालमा लेखेका छन् । अरु नेताले महासचिव पोखरेलकै प्रतिक्रियालाई पछ्याएको देखिन्छ । तर जसले नियुक्ति बदरको अपेक्षा राखेका थिए । उनीहरु निराश देखिएका छन् । विशेषगरी नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र नागरिक समाजको एउटा पंक्ति सर्वोच्चको फैसलाप्रति बेखुश छन् । उनीहरुको तर्क अनुसार संसदीय सुनुवाइ छलेर भएको नियुक्ति बदर हुनुपर्ने थियो । नियुक्ति प्रक्रियालाई आमसञ्चार माध्यम सहित नेताहरुले पनि सम्झिएको देखिन्छ । हुनपनि विभिन्न संवैधानिक निकायमा त्यसबेला भएको ५२ जनाको नियुक्ति तत्कालीन नेकपाको विवादसँग जोडिएको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर नियुक्ति सिफारिस गरेका थिए । विपक्षी दलको नेता र सभामुखको अनुपस्थिति अनि उपसभामुख रिक्त रहेका बेला ओलीले आफू निकटहरु राखेर संवैधानिक नियुक्तिमा सिफारिस गरेका थिए । लगत्तै, प्रतिनिधि सभा विघटन गर्ने निर्णय गरेका थिए । प्रतिनिधि सभा विघटन सर्वोच्च अदालतबाट बदर भएको थियो । तर संवैधानिक निकायमा भएको नियुक्तिविरुद्धको मुद्दामा सर्वोच्चले सुनुवाइ गरेको थिएन । लामो समयपछि यो मुद्दा टुंगिएको छ, तर नियुक्ति सदर गर्नेगरी ।

# दिशाहीन नेपाली वामपन्थ

**हरि रोका**

केही दिनअघि अखबार र भिजुअल मिडियामा त्रिभुवन अन्तर र्राष्ट्रिय हवाई अड्डा परिसरमा नेपाली युवाहरू अलपत्र परेजस्तो गरी छटपटाइरहेका दृश्य देखिए । कस्तो साइतमा निस्किएछु भन्ने भावमा उनीहरू छटपटाइरहेका थिए । सयौंको संख्यामा रहेका यी नेपाली युवाहरू वैदेशिक रोजगारीका लागि कतार जान हातमा भिसा लागेको पासपोर्टसहित कतारी जहाज चढ्न त्यहाँ पुगेका थिए । त्यस दिन कतारले आफ्ना सबै अन्तर्राष्ट्रिय उडानहरू अनिश्चितकालीन बन्दको घोषणा गरेको थियो । इजरायलले इरानविरुद्ध आरम्भ गरेको युद्धको दसौं दिन अमेरिका पनि इरानविरुद्ध आक्रमणमा ओर्लियो । अमेरिका आफैं युद्धमा प्रत्यक्ष संलग्न भएपछि विश्व जनमत अमेरिकाको निन्दामा उत्रियो । चीन, रुस, उत्तर कोरिया, पाकिस्तानजस्ता आणविक हतियारयुक्त शक्तिहरूले प्रत्यक्ष इरानलाई समर्थन जनाएपछि र उनीहरूकै आडमा इरानले हर्मुज स्ट्रेट बन्द गर्‍यो । लगत्तै कतार स्थित अमेरिकी सैन्य अखडामा आक्रमण गर्‍यो । शक्ति सन्तुलन आफ्नो पक्षमा नदेखिएपछि राष्ट्रपति ट्रम्पले आफ्ना तर्फबाट युद्ध बन्द गर्दै इरान र इजरायललाई युद्धविराम गर्न मनाए । त्यसपछि मात्र नेपाली कामदारलाई कतार पुग्न हवाई यात्रा सहज हुन पुग्यो । आम सर्वसाधारण नेपालीले सामान्य जीविकोपार्जनका लागि वैदेशिक रोजगारीमा जानैपर्ने बाध्यात्मक अवस्था किन आयो ? कहिलेसम्म नेपालीले स्वदेशमै रोजगारी उत्पन्न गर्ने सुदिन पर्खन पर्ने हो ? यस्तो परिस्थिति निर्माण हुनमा कुन राजनीतिक शक्ति प्रमुख जिम्मेवार रहे ? यो आलेख यिनै विषयमा केन्द्रित छ ।

**वामपन्थीहरूको उल्टो मति**

हवाई मैदानमा उभिएर निराशाको सुस्केरा हालिरहेका हतास युवाहरूको अनुहार देखेर मैले आफ्नो विगत सम्झिए । पहिलो तथा दोस्रो विश्वयुद्ध भोगेका आफ्ना पुर्खाहरूका दुःखद कथा पढेर र सुनेर हामी हुर्किएका थियौं । मेरा गाउँका पूर्वलाहुरेहरूका अनुसार दोस्रो विश्वयुद्धमा बेलायतका तर्फबाट लाखौंको संख्यामा नेपाली युवाहरू युद्धमा जबर्जस्ती होमिएका थिए ।




हजारौं मारिए । बेपत्ता भए, हजारौं घाइते र अपांग हुन पुगे । बाँचेका थोरै मात्र नेपाल फर्किन सम्भव भएको थियो त्यो पनि बिनाखर्चपानी । सायद यही भएर हुन सक्छ, हामी हुर्कंदै गर्दा वामपन्थीहरूले गोर्खाभर्ती केन्द्रको विरोध गर्ने गरेका थिए । उनीहरूले स्वदेशमै भूमिसुधारमार्फत जमिनको वितरण तथा रोजगारीका लागि औद्योगिकीकरण गर्न आवश्यक छ भनेर नारा लगाएका थिए । हामी युवाहरूका लागि त्यो नारा कर्णप्रिय लागेको थियो । झन्डै चार दशकदेखि वामपन्थीहरू या त प्रमुख प्रतिपक्षमा या सत्तापक्षमा बस्ने सौभाग्य पाएका छन् । तर उनीहरूले नारा लगाएअनुसार न वैज्ञानिक भूमिसुधार गरे न कृषिमा आधारित सञ्चितिको बलमा औद्योगिकीकरण गर्ने नीति नै अपनाए । त्यसैगरी सबैका लागि सीपमूलक जनवादी शिक्षाको नारा लगाए तर स्कुल, कलेज र विश्वविद्यालय शैक्षिक वातावरण यसरी खस्किएको छ कि तानाशाही भनिएको पञ्चायतमा पनि यस्तो अवस्था थिएन । २०४९ सालमा उदार वामपन्थीका नाममा बहुदलीय जनवादको नारा लगाएको एमाले होस् या २०६० को दशकमा एक्काइसौं शताब्दीको जनवाद ल्याउने उद्घोष गरेको माओवादी, उनीहरूबाट आर्थिक हिसाबले समाज रूपान्तरणका लागि उल्लेखनीय कुनै काम भएनन् । यी दुई रूपान्तरणको अभावमा वैदेशिक रोजगारीमा जानुको कुनै विकल्प हुन्थेन । सरकार आफैंले वैदेशिक रोजगारीका लागि सहजीकरण थालनी गर्‍यो । वस्तु तथा सेवा निर्यातको साटो मानवीय शक्ति आपूर्ति (मेनपावर सप्लाई) गर्ने सपना सजायो । कांग्रेसको सरकार हुँदा सुरु गरिएको यो धन्दा एमाले र माओवादीले निरन्तरता दिँदै आए । डिसेम्बर १८, २०२४ को काठमाडौं पोस्टले जनाएअनुसार ६६ लाख ९८ हजार ८० नेपाली वैदेशिक रोजगारीका लागि विधिवत् रूपमा वैदेशिक रोजगारीका लागि १ सय ७३ देशमा छरिएका छन् । जसमध्ये ५६ लाख ८२ हजार पुरुष र ४ लाख १६ हजार महिला छन् । कुल कामदार मध्ये ८० प्रतिशत खाडी मुलुकहरू र मलेसियामा कार्यरत छन् । झन्डै ७५ प्रतिशत २५ देखि ५५ उमेर समूहका छन् । मार्च १६, २०२५ को रिपब्लिकाका अनुसार चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्मको अवधिमा ५ लाख ३५ हजार नेपाली युवायुवती वैदेशिक रोजगारीका लागि बाहिरिएका छन् । यो मुलुकमा नाम दर्ज गराएर बिदेसिने युवाहरूको संख्या हो । अवैधानिक वा गैरकानुनी रूपमा मेनपावर कम्पनी तथा सरकारी अधिकारीहरूको मिलोमतो त्यत्तिकै संख्या वैदेशिक रोजगारीमा जाने गरेका छन् भन्ने अड्कल काटिएको छ । पुरानो गोर्खाभर्ती एक हिसाबले भाडाका सिपाही थिए । जो अहिले पनि यथावतै छन् । केही थपिएका छन् । जस्तो अफगान युद्धमा अमेरिकीका तर्फबाट र हाल युक्रेनी युद्धमा रुसका तर्फबाट भाडाका सिपाही हुन जानेको संख्या उल्लेखनीय रहेको बताइन्छ । अर्काखाले शारीरिक श्रम बेच्न वैदेशिक रोजगारीमा जानेहरू धेरै छन् । जसलाई गार्जियन पत्रिकाले त 'नवदास' का रूपमा अर्थ्याएको छ । उहिले गोर्खाभर्तीको विरोध जनाएका वामपन्थीहरू नीतिगत हिसाबले अहिले सस्तो मजदुर निर्यातकर्ता सहयोगी बन्न पुगेका छन् । भुटानी शरणार्थी र भिजिट भिसा प्रकरणले कांग्रेस मुख्य अभियुक्त देखिँदा उनीहरू उसका सहयोगी बन्न पुगेका देखिन्छन् । संविधान जारी भएपछिको पहिलो आम निर्वाचनमा ओली र दाहाल नेतृत्वको नेकपाले प्रचण्ड बहुमतका साथ सरकार बनाएको सर्वविदितै छ । उनीहरूलाई त्यो समयमा मुलुकको रूपान्तरणका लागि संघीयताको मर्मअनुसार कानुनको मस्यौदा गरे विधिसम्मत लागू गर्ने ठूलो अवसर थियो । उनीहरूले आवश्यकताअनुसार कृषिको आधुनिकीकरण तथा कृषिसँग जोडिएको औद्योगिकीकरणबारे कुनै नीति अपनाएर सापेक्षित सामाजिक न्यायसहितको कानुनी राज्य निर्माण गर्न सक्थे । तर उनीहरूले हिजो नेकपा हुँदा पनि ध्यान दिएनन् । आज बैशाखी टेकेर सरकारमा हुँदा पनि उनीहरूले जमिनमा खुट्टा टेक्ने गरेका छैनन् । जस्तो कुल कामदार संख्याको ६४ प्रतिशत कृषिमा यथावत् छन् । तर कृषि उनीहरूको नीतिगत प्राथमिकतामा कहित्यै परेन । नारामा घन्काइएको क्रान्तिकारी भूमिसुधार र कहिले वैज्ञानिक भूमिसुधार नारामै सीमित हुन पुग्यो । ओली सरकारले त अमेरिकी मोडेलको भूमि बैंकको असफल 'कन्सेप्ट' अगाडि सारेर जमिनको व्यापारीकरण गर्न हदबन्दी फुकुवाको अभ्यास सुरु गरेको छ । गिरीबन्धु टी-स्टेट मुद्दामा ओली आफैं संलग्न रहेको आशंका व्याप्त छ । यतिबेला युवाहरू कृषिबाट पलायन मात्र भएका छैनन् सारा पहाड तीव्र बसाँइसराइको चापमा छ । मधेश पहाडी अतिक्रमणबाट असन्तुलित हुँदै गइरहेको छ । सहरहरू अवैज्ञानिक विस्तार तथा अत्याधिक भीडका कारण रोग, शोक र भोकको अखडा बन्दै गइरहेको भान हुन्छ । बाटोलगायत अन्य भौतिक पूर्वाधार निर्माण कुनै परिष्कृत योजना, अर्थ-राजनीतिक आधार र जन आवश्यकतालाई ध्यानमा राखेर भइरहेका छैनन् । आधा दशककै अवधिमा आन्तरिक तथा बाह्य ऋण दोब्बर भएको छ । ऋण तथा साँवाको किस्ता चुक्ता गर्न नेपालको विकास बजेटभन्दा बढी रकम विनियोजन गर्नुपर्ने अवस्था छ । आफूलाई लेनिनवादी भन्ने यी नेताहरूले लेनिनको नयाँ आर्थिक नीति (नेप) बाट केही सिकेनन् । समग्रमा कांग्रेसले अख्तियार गरेको नवउदारवादी नीतिका भरिया बन्न पुगे । विगत एक दशकयता

बाँकी तेश्रो पृष्ठमा

# पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरूबाट गणतन्त्रलाई जोगाऊ

**गेजा शर्मा वाग्ले**

जननेता मदन भण्डारीको ७४ औं जन्मजयन्तीका अवसर पारेर गत शनिबार आयोजित कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले एमालेको सक्रिय राजनीतिमा पुनरागमन गरेको सगौरव घोषणा गरेपछि गम्भीर राजनीतिक तथा संवैधानिक बहस प्रारम्भ भएको छ । भण्डारीजस्तै दुई कार्यकाल उपराष्ट्रपति भएका नन्दबहादुर पुन केही महिना अगाडि नै माओवादीको उपाध्यक्ष भइसकेका छन् । २०६२/०६३ को जनआन्दोलनबाट स्थापित लोकतान्त्रिक गणतन्त्रका बारेमा विवादित बहस चलिरहेको घडीमा पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपतिहरू नै दलीय राजनीतिमा प्रवेश गरेपछि यस्तो बहस हुनु अस्वाभाविक भएन । भण्डारी राष्ट्रपति र पुन उपराष्ट्रपति हुँदा पनि उनीहरूका अतिरिक्त राजनीतिक चासो र गतिविधिहरू थिए भने भूमिका विवादित थियो । राष्ट्रपतिबाट निवृत्त भइसकेपछि निरन्तर राजनीतिक संवाद र गतिविधिमा संलग्न हुँदै आएकी भण्डारीले दलीय राजनीतिमा पुनरागमन गर्ने संकेत मात्रै होइन, स्पष्ट सन्देश दिँदै आएकी थिइन् । त्यसैले उनको राजनीतिक पुनरागमन अप्रत्याशित थिएन, होइन । तर राष्ट्रपति भनेको व्यक्ति होइन, संस्था हो । गणतन्त्रको प्रतीक भनेकै राष्ट्रपति हो । यदि वर्तमान वा पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरू विवादित भए भने राष्ट्रपति संस्था नै विवादित, अलोकप्रिय र कमजोर हुन्छ । जसको प्रत्यक्ष नकारात्मक असर गणतन्त्रलाई पर्छ । त्यसैले राष्ट्राध्यक्ष भई राष्ट्रकै अभिभावक भइसकेका पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरू दलीय राजनीतिमा प्रवेश गर्नु कति उचित ? भण्डारी र पुनको राजनीतिक पुनरागमनका कारणले कस्तो राजनीतिक नजिर र संस्कार स्थापित होला ? लोकतान्त्रिक गणतन्त्रलाई कस्तो असर गर्ला ? भन्नेजस्ता केही जटिल र विवादित प्रश्नहरू उठेका छन् । त्यसैले यस्ता प्रश्नहरूको नेपालको संविधानको अक्षर र भावना, लोकतान्त्रिक गणतन्त्रको सिद्धान्त र मूल्य-मान्यता तथा लोकतान्त्रिक गणतन्त्रका अन्तर र्राष्ट्रिय अभ्यासका आधारमा निरुपण गर्नु अपरिहार्य देखिएको छ । तर पंक्तिकार पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरूको राजनीतिक सक्रियताकै विपक्षमा भएका कारणले भण्डारीको पुनरागमनपछि एमालेभित्रको समीकरण र ध्रुवीकरण, भण्डारी र केपी ओलीबीचको शक्ति संघर्ष वा सम्भावित पुनर्मिलनजस्ता एमालेको आन्तरिक मामिला र गणितीय हिसाब-किताबमा प्रवेश नै गर्ने छैन । **भण्डारी र पुन दलीय राजनीतिमा किन ?** भोजपुरको सामान्य परिवारकी भण्डारी र रोल्पाको सामान्य परिवारमा जन्मिएका जनजाति पुन राज्यको सर्वोच्च संस्थामा पुगे, राष्ट्रकै अभिभावक बन्न सफल भए । उनीहरूले उच्चतम राजनीतिक सफलता हासिल गरिसके । तर फेरि दलीय राजनीतिमा सक्रिय हुनुको उद्देश्य के हो ? पदका लागि हो कि सत्ताका लागि ? नेपाली सेनाको परमाधिपति भइसकेकी भण्डारी अब राष्ट्रको अभिभावक हुने कि एमालेको गुटनायक ? सम्माननीय राष्ट्रपतिज्यू हुने कि कमरेड विद्या ? प्रश्न व्यक्ति लक्षित लाग्न सक्छ, तर होइन । प्रश्न व्यक्तिको होइन, विधिको हो । प्रश्न पार्टीको होइन, प्रणालीको हो । प्रश्न सत्ताको होइन, संस्थाको हो । प्रश्न संविधानको मात्रै होइन, सिद्धान्त हो । प्रश्न कानुनको मात्रै पनि होइन, नैतिकताको हो । नेपालको संविधानले पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरू पुनः

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## तालिबान सरकारलाई औपचारिक मान्यता दिने पहिलो देश बन्यो रुस

*काठमाडौं,२० असार ।*

रुसले अफगानिस्तानमा तालिबान नेतृत्वको सरकारलाई औपचारिक मान्यता दिएको छ । तालिबान सरकारलाई मान्यता दिने रुप पहिलो मुलुकसमेत बनेको छ । अफगानिस्तानका विदेशमन्त्री आमिर खान मुत्ताकीले यसलाई रुसको कदमलाई 'साहसिक' निर्णयको संज्ञा दिएका छन् । बिहीबार मात्र काबुलमा विदेशमन्त्री मुत्ताकीले रुसका राजदूत दिमित्री जिरनोभसँग भेटवार्ता गरेका थिए । सोही भेटघाटमा राजदूत जिरनोभले इस्लामिक इमिरेट अफगानिस्तानलाई मान्यता दिने निर्णय गरेको जानकारी गराएका थिए । मुत्ताकीले रुस र अफगानिस्तानबीचको 'सकारात्मक सम्बन्ध, पारस्परिक सम्मान र रचनात्मक संवाद' अरु देशका लागि उदाहरण हुने बताएका छन् । २०२१ अगस्टमा सत्ता कब्जा गरेसँगै मानवअधिकार उल्लंघनका घटना बढिरहेको छ । यसका बाबजुद अफगानिस्तानले औपचारिक मान्यता र अन्तर्राष्ट्रिय लगानीका



लागि आग्रह गर्दै आएको थियो । रुसी विदेशी मन्त्रालयले पनि यसबारे जानकारी दिँदै भनेको छ, अफगानिस्तान सरकारलाई औपचारिक मान्यता दिँदा दुई देशबीचको सम्बन्ध अझ सुदृढ हुनेछ भन्ने हामीलाई विश्वास छ ।' सन् २०२१ अधिकांश देशहरूले काबुलस्थित दूतावास बन्द गरेका थिए । तर रुसले भने बन्द गरेको थिएन । रुसले सन् २०२२ मा तालिबानसँग अन्तर ाष्ट्रिय आर्थिक सम्झौता पनि गरेको थियो । उक्त सम्झौताअन्तर्गत रुसले अफगानिस्तानलाई तेल, ग्यास र गहुँ आपूर्ति गरेको थियो । यसै वर्षको अप्रिलमा रुसले तालिबानलाई आतंकवादी संगठनको सूचीबाट हटाएको थियो । पछिल्लो समय रुस र अफगानिस्तानबीच सम्बन्ध सुधार हुँदै गए पनि इतिहास भने सुखद छैन । सन् १९७९ मा तत्कालीन सोभियत संघले अफगानिस्तानमाथि आक्रमण गरेको थियो । उक्त युद्ध ९ वर्षसम्म चल्यो । उक्त युद्धममा सोभियत संघका झन्डै १५ हजार सैनिक मारिएको बीबीसीले जनाएको छ ।

## आप्रवासन कार्य मा सहयोग गर्न फलोरिडामा २०० नौसैनिक परिचालन

*काठमाडौं,२० असार ।*

दक्षिणपूर्वी राज्यमा भइरहेको आप्रवासन प्रवर्तन छापाहरूका लागि प्रशासनिक र सामग्रीगत सहयोग प्रदान गर्न बिहीबार करिब दुई सय मरिनलाई फ्लोरिडामा परिचालन गरिएको छ । यो परिचालन अमेरिकी गृह सुरक्षा विभागले आफ्नो अध्यागमन तथा भन्सार प्रवर्तन (आईसिई) एजेन्सीलाई राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासी दमन कार्यमा सहयोग गर्न अनुरोध गरेको पहिलो चरण हो । यो ट्रम्पको दोस्रो कार्यकालको मुख्य प्राथमिकता हो । रक्षामन्त्री पिट हेगसेथले दक्षिणी अमेरिकी राज्य लुइसियाना र टेक्सासका लागि थप परिचालनको योजनासहित सात सय सैनिक परिचालनलाई अनुमोदन गरेको अधिकारीहरूले बताएका छन् । 'यस मिसनमा भाग लिने सेवा सदस्यहरूले आइसिई सुविधाहरूभित्र कडाइका साथ गैर-कानून प्रवर्तन कर्तव्यहरू पालन गर्नेछन्', युएस नर्दन कमान्डले



एक विज्ञप्तिमा भन्यो, 'तिनीहरूको भूमिकाले प्रशासनिक र तार्किक कार्यहरूमा ध्यान केन्द्रित गर्नेछ र उनीहरूलाई विशेष गरी आईसीई हिरासतमा रहेका व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क गर्न वा हिरासत शृङ्खलाको कुनै पनि पक्षमा संलग्न हुन निषेध गरिएको छ ।'यस हप्ताको सुरुमा ट्रम्पले फ्लोरिडाको नयाँ आप्रवासी हिरासत केन्द्रको भ्रमण गरे । 'एलिगेटर अल्काट्राज' भनिने यो हिरासत केन्द्रमा एक हजार मानिस बस्न सक्छन् । आइसिईले गरेको आप्रवासन छापाको विरोधमा ट्रम्पले चार हजार नेशनल गार्ड सदस्य र सात सय मरिनलाई लस एन्जलस, क्यालिफोर्नियामा पठाएको एक महिनापछि पनि यो परिचालन आएको हो । क्यालिफोर्नियाका अधिकारीहरूले ट्रम्पको सेनाको प्रयोगको कडा आलोचना गर्दै यसले स्थानीय कानून प्रवर्तनले नियन्त्रण गर्न सक्ने विरोधलाई बढाएको बताएका छन् । ट्रम्प प्रशासनले अशान्ति रोक्न र सङ्घीय सम्पत्ति र कर्मचारीहरूको सुरक्षाका लागि परिचालन आवश्यक रहेको जोड दिएको छ ।

## खर्च विधेयक पास भएपछि ट्रम्पले भने अब अमेरिका रकेटकै गतिमा चल्छ

*काठमाडौं,२० असार ।*

लामो छलफल र बहसपछि अमेरिकी संसद्ले राष्ट्रपति डोनाल्ड ट्रम्पले ल्याएको खर्च सम्बन्धी विधेयक पारित गरेको छ ।

संसदमा भएको मतदानमा २१८ मतका साथ सो विधेयक पास भएको हो । विधेयकको विपक्षमा २१४ मत परेको थियो । यसअघि सिनेटमा यो विधेयक उपराष्ट्रपति जेडी भान्सको निर्णायक मतको साथमा पास भएको थियो । अमेरिकी घरेलु राजनीतिमा यसलाई राष्ट्रपति ट्रम्पको ठुलो जितको रूपमा हेरिएको छ ।

काँग्रेसको बजेट कार्यालयका अनुसार यो विधेयकले १० वर्षमा तीन दशमलव ३ ट्रिलियन अमेरिकी डलर थप घाटा हुनेछ । साथै दशौं लाखको स्वास्थ्य सुविधामा यसले असर गर्ने छ। ट्रम्पले भने यो विधेयक आएपछि देश रकेटको गतिमा अघि बढ्ने बताए । ४ जुलाइमा आयोजना हुने समारोहमा उनले कानुनको रूपमा हस्ताक्षर गर्ने जनाइएको छ ।

यसअघि ट्रम्पकै दल रिपब्लिकका धेरै सांसदले विधेयकको विरोधमा आवाज उठाउँदै आएका थिए । विधेयक पारित गर्ने समयमा भने दुई जना बाहेक अन्य सबैले उनलाई साथ दिएका छन् ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### दिशाहीन नेपाली वामप.........

अधिकांश समय ओली र प्रचण्ड नेतृत्वमा सरकार सञ्चालन भए । तर उनीहरूले जनताको आकांक्षाअनुरूप वास्तविक आर्थिक विकासको रणनीति के हुनुपर्छ भनेर बहसमा ल्याउनसमेत चाहेनन् । कृषिप्रधान देश भनेरर चिनिएको नेपालको उत्पादकत्व दर दक्षिण एसियामा सबैभन्दा कमजोर छ । युवा जनशक्तिको अभावमा एकातर्फ जमिन बाँझिने क्रम जारी छ । अर्कोतर्फ खर्बौं रुपैयाँ बराबर खाद्यान्न, फलफूल र मासु आयात गर्नु परिरहेछ । आर्थिक सर्वेक्षण २०८२ का अनुसार देशमा उत्पादनमूलक उद्योगको कुल गार्हस्थ्य उत्पादनमा ४.९५ प्रतिशत मात्र योगदान छ । यो धेरै वर्षदेखि स्थिर रहेको तथ्यांक हो । त्यति योगदानले श्रम बजारमा आउने लगभग ५ लाख ९० हजार श्रमिकलाई रोजगारी उपलब्ध गराउने कुरै भएन । आफूलाई वामपन्थी भन्ने एमाले-माओवादी नेतृत्वले आफ्नै मतदाताहरूको आकांक्षा र आवश्यकताअनुसार वास्तविक अर्थतन्त्र र नैतिक मुद्दाहरूलाई सम्बोधन गर्ने साहस गरेनन् । उनीहरूले मुलुकमा व्याप्त भएको आयआर्जन तथा सम्पत्तिको असमानतालाई सम्बोधन गर्ने जोखिम उठाएनन् । प्रगतिशील करप्रणाली तिनले कहिल्यै बुझ्ने प्रयत्न गरेनन् । साभार ईकान्तिपुर ।

### पूर्वराष्ट्रपति-उपराष्ट............

दलीय राजनीतिमा प्रवेश गर्ने परिकल्पना नै गरेको थिएन । त्यसैले यसबारे संविधानमा लिखित रूपमा केही उल्लेख गरिएन । किनभने लोकतान्त्रिक गणतन्त्रमा स्थापित परम्परा, अभ्यास र संस्कार यही नै हो । तर भण्डारीले केवल राष्ट्रपति संस्थाको गरिमा र प्रतिष्ठालाई मात्रै होइन, गणतन्त्रलाई नै दाउमा राखेर आफ्नो अतृप्त सत्ताआकांक्षा हासिल गर्न दलीय राजनीतिमा होमिएकी छन् । राष्ट्रपतिमा बहाल हुँदा होस् कि अवकाश पाइसकेपछि होस्, उनका अभिव्यक्ति र गतिविधिका आधारमा विश्लेषण गर्दा उग्र राजनीतिक महत्त्वाकांक्षा भएको देखिन्छ । त्यस्तो महत्त्वाकांक्षाको अन्तिम गन्तव्य कहाँ हो ? एमालेको अध्यक्ष कि प्रधानमन्त्री ? पहिलो महिला राष्ट्रपति बनेर इतिहास रचेकी भण्डारी अब एमालेको पहिलो महिला अध्यक्ष र त्यसपछि पहिलो महिला प्रधानमन्त्री हुने महत्त्वाकांक्षाका साथ राजनीतिमा फर्केको देखिन्छ । उनको यस्तो अवाञ्छित सत्ताआकांक्षाको सिकार गणतन्त्र र राष्ट्रपति संस्थासमेत हुन सक्छ । नेपाली जनताले बलिदानपूर्ण संघर्षबाट स्थापित गरेको लोकतान्त्रिक गणतन्त्र के भण्डारीको अतृप्त र अवाञ्छित सत्ताआकांक्षाको प्यास पूरा गर्नका लागि हो ? लामो राजनीतिक गृहकार्य र कोरियोग्राफीपछि मञ्चन गरिएको प्रतीत हुने मदन भण्डारी फाउन्डेसनको ब्यानरमार्फत सक्रिय राजनीतिमा उत्रिएको घोषणा स्वयंमा अर्थपूर्ण र सन्देशमूलक छ । 'राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन' भन्ने पति भण्डारीको उद्धरण उल्लेख गर्दै पत्नी भण्डारीले देशलाई योगदान र जनताको सेवा गर्ने भावना बाँकी नै भएको कारणले सक्रिय राजनीतिमा आएको दाबी गरेकी छन् । साभार ईकान्तिपुर ।

### लागूऔषध खाने..................

कपिल घर्ती छन् । उनीहरुलाई विशेष सूचनाको आधारमा हेटैंडा-१७ अंगारेश्वर मन्दिर परिसरभित्रबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । मन्दिर परिसरभित्र लागू औषध सेवन भइरहेको सूचना प्रहरीलाइ आएको थियो । सोही सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट हटिया मकवानपुरबाट खटिएको टोलीले उनीहरुलाइ एक ग्राम २३० मिली ग्राम खैरो हेरोइन जस्तो देखिने धूलो पदार्थसहित पक्राउ गरिएको मकवानपुर प्रहरी बताउँछ । पक्राउ परेकामाथि लागू औषधसम्बन्धी मुद्दामा मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

### तस्कर र सशस्त्र..............

प्रहरीमाथि आक्रमणमा उत्रिएका थिए । स्थिति नियन्त्रणमा लिन प्रहरीले १३ राउण्ड अश्रुग्यास र ४ राउण्ड हवाई फायर गरेको एसपी खड्काले बताए । भीडन्तका क्रममा घाइते भएका सशस्त्र प्रहरीहरूलाई जनकपुरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले घटनाको थप अनुसन्धान जारी राखेको जनाएको छ ।

### खानेपानी मन्त्रालयले.........

कार्यालय प्रांगणमा मेयर सिंहले हिन्दू परम्पराअनुसार पूजापाठ गरी ती गाडीहरूको प्रयोग शुभारम्भ गरेका थिए । उनका प्रेस सल्लाहकार नवराज फुयाँलका अनुसार अब गाडीहरू कार्यालयीय काममा प्रयोग गरिने छ ।

### बीपी राजमार्गमा थप...........

श्रेष्ठ जानकारी दिए । असार ६ गते सिन्धुलीको खुकोर्टमा बसेको काभ्रे, सिन्धुली र रामेछापका अन्तरजिल्ला सुरक्षा समन्वय समितिको बैठकको निर्णयबमोजिम बर्खामा बाढीपहिरोको जोखिम रहेको भन्दै १५ दिनका लागि रातिको समयमा गाडी चलाउन रोक लगाइएको थियो । उक्त निर्णयअनुसार काभ्रेको काभ्रे भञ्ज्याङदेखि सिन्धुलीको खुर्कोट खण्डको विभिन्न स्थानमा जोखिम भएकाले रातको समयमा यातायात सञ्चालनमा रोक लगाइएको थियो ।

### हेटौंडाबाट काठमाडौं.............

घाइते भएका पाँचजनामध्ये तीनजनाको अवस्था गम्भीर छ । माइक्रोबस सडकको घुम्तीबाट तल खसेर दुर्घटना प्रारम्भिक जानकारी प्रहरीले दिएको छ ।घाइतेहरूको उद्धार गरी उपचारका लागि अस्पताल पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

# स्वास्थ्य

## गर्भाधानका लागि सबैभन्दा उपयुक्त उमेर कुन हो ?




'बच्चा खेर गयो', 'बच्चा बसेन', 'संग्लो भएन' – यस्ता वाक्य सुन्नु आजभोलि सामान्यजस्तै भइसकेको छ । गर्भ रहनु र त्यो सफलतापूर्वक पूर्ण अवधिसम्म पुग्नु भनेको सजिलो प्रक्रिया भने होइन । गर्भ नबस्नुलाई मात्र समस्या मान्ने चलन भए पनि, गर्भ बसेपछि पनि त्यसलाई यथावत राख्न सक्ने शरीरको क्षमता र उमेरले ठुलो महत्व राख्छ । सन्तान जन्माउन ढिलो हुँदा वा अत्यन्त कम हुँदा गर्भ बस्न र बसेमा पनि खेर जाने जस्ता जोखिम हुनसक्छ । त्यसैले, सन्तान उपयुक्त उमेरमै जन्माउनुपर्छ । यसो भनिरहँदा तपाई सोच्नुहोला, बच्चा जन्माउने सहि उमेर कुन हो ? विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) भन्छ, ' महिलाको लागि सन्तान जमाउने उपयुक्त उमेर २० देखि ३५ वर्षसम्मको अवधिलाई मानिएको छ ।' यो समयावधिमा महिलाको शरीरमा हुने हर्मोनल गतिविधि, अण्डाशयको क्षमता, अण्डाको गुणस्तर आदिले गर्भ रहन र त्यसलाई स्वस्थ रूपमा कायम राख्न सबैभन्दा अनुकूल अवस्था सिर्जना गर्छ । पुरुषको हकमा पनि उमेरसँगै शुक्राणुको गुणस्तरमा परिवर्तन आउने हुँदा उनीहरूका लागि २० देखि ४० वर्षको उमेरलाई प्रजननका लागि उत्तम मानिन्छ ।

**उपयुक्त समयमै सन्तान योजना किन आवश्यक ?**

सन्तान जन्माउने प्रक्रिया केवल गर्भ बसाउने मात्र नभई त्यसलाई सुरक्षित रूपमा पूर्ण अवधिसम्म धान्न सक्नु र स्वस्थ शिशु जन्माउने क्षमता पनि हो । शरीरको जैविक घडी सधैं हाम्रो अनुकूल हुँदैन ।

**महिलाको उमेर र प्रजनन क्षमताको सम्बन्ध** महिलाको प्रजनन प्रणाली हर्मोन प्रोजेस्टोरोन र एस्ट्रोजेनबाट नियन्त्रित हुन्छ । १३ देखि १९ वर्षको उमेर समूहलाई किशोरावस्था भनिन्छ । यो समयमा अझै शारीरिक तथा हर्मोनल प्रणाली पूर्णरूपमा परिपक्व भएको हुँदैन । यो अवधिमा गर्भ रहनुले गर्भवतीलाई मात्र नभई गर्भमा रहेको शिशुलाई पनि विभिन्न जोखिम पुऱ्याउँछ । यो अवस्थामा पाठेघर अझै स्थिर नभएकाले महिनावारी चक्र अनियमित हुन सक्छ, जसले गर्भाधानमा समस्या ल्याउने सम्भावना रहन्छ । शरीर पनि परिपक्व भइसकेको छैन । साथै, गर्भ रहेको खण्डमा पनि बच्चा अस्वस्थ हुने, समयअघि नै जन्मिने वा जन्मेपछि विभिन्न स्वास्थ्य समस्या देखापर्ने सम्भावना उच्च रहन्छ । त्योसँगै महत्वपूर्ण अर्को पक्ष हो, गुणस्तरयुक्त अण्डा । गर्भ रहन र जटिलता आउन नदिन स्वस्थ अण्डा निषेचन हुन जरुरी छ । प्रकृतिले छोरी बच्चा जन्मिदै निश्चित अण्डा दिएको हुन्छ । ती अण्डाको गुणस्तर र संख्या उमेरसँगै घट्दै जान्छ । यो प्राकृतिक प्रक्रिया हो । किशोरावस्थामा पहिलो महिनावारी भएपिच्छे उमेर बढ्दै जाँदा महिनावारी चक्रपिच्छे स्वस्थ अण्डा खर्चिंदै जान्छ ।

## उडन्ते कानुन होइन, व्यवहारिक र लागूयोग्य कानुन चाहिन्छ : प्रभु साह



*काठमाडौं,२० असार ।*

आम जनता पार्टीका अध्यक्ष तथा सांसद प्रभु साहले नेपालमा कानून निर्माण गर्दा 'उडन्ते सपना' हैन, जमिनको यथार्थ बुझ्केको व्यवहारिक कानून बनाउनुपर्ने बताएका छन् । प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको शुक्रबारको बैठकमा नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी विधेयक २०८१ माथि सैद्धान्तिक छलफल भइरहँदा सांसद साहले वर्तमान कानुनहरूले जनजीवनको वास्तविकता नबुझ्केको गुनासो गरे । उनले भने, "हामीकहाँ संविधानमा ३१ वटा मौलिक हक उल्लेख छन्, जुन विश्वमै कमै देशमा पाइन्छ । तर दुर्भाग्य, तीमध्ये एउटा हक पनि पूर्णरूपमा कार्यान्वयनमा आएको छैन ।" साहको भनाइमा, कानुन त यस्तो हुनुपर्छ जुन व्यवहारमा लागू गर्न सकियोस्, सबै पक्षलाई स्वीकार्य होस्, र जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्न सकोस् । "हामीले बनाउने कानुन जमिनमा टेकेको, वस्तुवादी र व्यावहारिक हुनुपर्छ," उनले जोड दिए । उनले वर्तमान कानुनी व्यवस्थालाई "सजिलो भाषामा उड्ने कानुन" भन्दै व्यङ्ग्य गरे र सरकार तथा सांसदहरूलाई जनताको आवश्यकतालाई ध्यानमा राखी कानुन बनाउन आग्रह गरे ।

## एसपीलाई "लुटेरा" भनेपछि अशोक यादव कानुनी कारबाहीको घेरामा

**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,२० असार ।*




अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेशका अध्यक्ष अशोक यादवविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । सर्लाही जिल्ला अदालतले शुक्रबार यादवविरुद्ध आपराधिक उपद्रव कसुरमा पक्राउ पुर्जी जारी गरेको हो ।

गृह मन्त्रालय स्रोतका अनुसार, यादवले जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख एसपी योगेन्द्रकुमार खड्कालाई टेलिफोनमा 'लुटेरा' भनी आरोप लगाएको अडिओ सार्वजनिक भएपछि यो कदम चालिएको हो । बिहीबार, अध्यक्ष यादवले सर्लाहीमा प्रहरीले व्यापारीहरूलाई दुःख दिएको भन्दै एसपी खड्कासँग टेलिफोनमा कुराकानी गरेका थिए । सोही क्रममा उनले एसपीलाई 'लुटेरा' भनेको आरोप छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरेले सर्लाही घटनाबारे आवश्यक कानुनी कारबाही अगाडि बढाउन मधेश प्रदेश प्रहरी कार्यालयलाई निर्देशन दिइएको जानकारी दिएका छन् । नेपाल प्रहरीको मधेश प्रदेशका डिआइजी उमाप्रसाद चतुर्वेदीले यसमा कानुनी प्रक्रिया अगाडि बढिसकेको र घटनाको गम्भीरतापूर्वक छानबिन गर्न भनिएको बताएका छन् । यादव र एसपी खड्काबीचको अडिओ कुराकानी सार्वजनिक भएपछि यो प्रकरणले राजनीतिक र प्रशासनिक वृत्तमा चर्चा पाएको छ ।

## अब नयाँ कर्मचारीलाई पेन्सन होइन, योगदानमा आधारित सामाजिक सुरक्षा लागू

*काठमाडौं,२० असार ।*





आगामी आर्थिक वर्ष २०८२/८३ साउनदेखि नियुक्त हुने कर्मचारीहरूलाई अब पेन्सन र उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू हुने भएको छ । शुक्रबार अर्थ मन्त्रालयले परिपत्र जारी गर्दै सबै मन्त्रालय, नियामक निकाय, सार्वजनिक संस्थान, बोर्ड, समिति र प्रतिष्ठानहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा लागू गर्न आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएको हो । परिपत्रमा भनिएको छ, सरकारले अवलम्बन गरेको नीतिअनुसार अवकाशपछिको दीर्घकालीन दायित्वको भुक्तानी व्यवस्था नगर्दा घाटामा रहेका र आफ्नै स्रोत नभई सरकारी स्रोतमा भर पर्ने निकायहरूले राज्य कोषमा थप दायित्व बढाइरहेको देखिएको छ । अबदेखि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू नगरेर सिर्जना हुने दायित्व नेपाल सरकारले नबेहोर्ने स्पष्ट जानकारी पनि परिपत्रमार्फत दिइएको छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्रीको निर्णयका आधारमा सबै मन्त्रालय र सम्बन्धित निकायहरूलाई उक्त प्रणाली लागू गर्न अनुरोध गरिएको मन्त्रालयले जनाएको छ ।

## रवि लामिछानेको समर्थनमा हस्ताक्षर गरेको आरोपमा ट्राफिक सई कारवाहीमा

*काठमाडौं,२० असार ।*



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको पक्षमा हस्ताक्षर गरेको आरोपमा एक प्रहरी कारवाहीमा परेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेमा कार्यरत प्रहरी नायव निरीक्षक (सई) कमल खड्कालाई प्रहरी प्रधान कार्यालय नक्सालमा झिकाइएको हो । प्रहरी प्रवक्ता (डीआईजी) विनोद घिमिरेले भैरहवा कारागारमा पुर्पक्षका लागि थुनामा रहेका पूर्व गृहमन्त्री लामिछानेको समर्थनमा खड्काले हस्ताक्षर गरेको भन्दै सामाजिक सञ्जालमा तस्बिर सार्वजनिक भएपछि सोबारे यकिन गर्न उनलाई प्रधान कार्यालय बोलाइएको बताए । सहकारी ठगीको आरोपमा थुनामा रहेका लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधिएको भन्दै रास्वपाले देशभर हस्ताक्षर अभियान सञ्चालन गरिरहेको छ । प्रहरी नियमावलीअनुसार बहालवाला सुरक्षाकर्मीले कुनै पनि राजनीतिक गतिविधिमा संलग्न हुन पाउँदैनन् । यस घटनाले प्रहरी संगठनभित्र राजनीतिक संलग्नताको विषयमा थप बहस सिर्जना गरेको छ ।

## हेटौंडाबाट काठमाडौं आउँदै गरेको माइक्रोबस दुर्घटना, पाँच घाइते

*हेटौंडा,२० असार ।*

हेटौंडाबाट काठमाडौं आउँदै गरेको माइक्रोबस दुर्घटना हुँदा पाँच जना घाइते भएका छन् । मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२, रातमाटेमा म.प्र. ०३-००१ ज ०५५१ नम्बरको माइक्रोबस दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख एसपी विश्व खड्काले जानकारी दिए । प्रहरीका अनुसार, दुर्घटनामा

बाँकी तेश्रो पृष्ठमा⇨

## सवारी चालक अनुमतिपत्र सम्बन्धी सबै सेवा अनिश्चितकालका लागि बन्द

*काठमाडौं,२० असार ।*





सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी सम्पूर्ण सेवा अस्थायी रूपमा बन्द गरिएको छ । यातायात व्यवस्था विभागले शुक्रबार एक सार्वजनिक सूचना जारी गर्दै सिस्टममा समस्या देखिएपछि सेवा अवरुद्ध गरिएको जानकारी दिएको हो । विभागका अनुसार इ-ड्राइभिङ लाइसेन्स (भ्मी), अनलाइन आवेदन प्रणाली तथा अत्यावश्यक लाइसेन्स प्रिन्ट सेवा समेत हाल पूर्ण रूपमा बन्द छन् ।

सेवा कहिलेदेखि पुनः सञ्चालनमा आउँछ भन्नेबारेमा भने स्पष्ट नभएको जनाइएको छ । "आज मिति २०८२ असार २० गतेदेखि प्रणालीमा प्राविधिक समस्या देखिएको छ । समस्या समाधानको प्रक्रिया जारी छ, अर्को सूचना नआएसम्म सबै सेवा बन्द रहनेछ," विभागको सूचनामा उल्लेख छ । यो निर्णयसँगै नयाँ लाइसेन्स आवेदन, नवीकरण, प्रिन्ट तथा अन्य सबै प्रक्रिया प्रभावित भएका छन् । सेवाग्राहीहरूलाई असुविधा भएको भन्दै विभागले क्षमायाचना समेत गरेको छ । समस्या कहिलेसम्म समाधान हुन्छ भन्ने प्रष्ट नभएपछि सेवाग्राहीहरूमा अन्योल बढेको छ । विभागले सेवा पुनः सञ्चालनमा आउँदा थप जानकारी सार्वजनिक गर्ने बताएको छ ।

## कुलिङ पिरियड विवादमा रामहरि खतिवडाको स्पष्टीकरण

*काठमाडौं,२० असार ।*



नेपाली कांग्रेसका केन्द्रीय सदस्य रामहरि खतिवडाले आफूलाई पार्टीबाट निर्देशन आएमा राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पद छोड्न तयार रहेको बताएका छन् । संघीय निजामती विधेयकमा 'कुलिङ पिरियड'को व्यवस्था समितिबाट पारित भएको भन्दा फरक प्रावधानसहित आएपछि खतिवडा विवादमा तानिएका थिए । विपक्षी दलहरूले उनको राजीनामा माग गरिरहेका बेला खतिवडाले पार्टी बैठकमा आफ्नो अडान स्पष्ट पारेका हुन् ।

उनले भने, 'सभापतिको हैसियतमा मेरो पनि गल्ती छ भनेर पार्टीले बाहिर बस भन्छ भने म तयार छु ।' उनले कसैलाई बदनाम गर्ने किसिमले संसदीय समितिमा काम नगर्न आग्रह गर्दै समितिबाट आउने निर्णयलाई स्वीकार गर्न आफू तयार रहेको बताए । खतिवडाले पार्टीभित्रै सभापति, उपसभापति, महामन्त्री र केन्द्रीय सदस्यहरूलाई खुइल्याउने कार्य भइरहेको भन्दै गम्भीर चिन्ता व्यक्त गरे । उनले नेताहरूलाई प्रश्न गर्दै भने, 'यो पद्धति कहाँसम्म जाने? हामी यी आरोप-प्रत्यारोपमै सीमित भयौं भने जनताले, कार्यकर्ताले के गर्ने?' उनले पार्टीका शीर्ष नेताहरू कमजोर हुँदै जाँदा समग्र पार्टी पंक्ति कमजोर हुने तर्क गर्दै भने, 'चाहे बालकृष्ण खाँण होस्, चाहे मोहनबहादुर बस्नेत होस्, चाहे रमेश लेखक होस्, चाहे आरजु देउवा होस्, पार्टी पंक्तिका गगन थापा कमजोर भयो भने, अरू को चाहिँ बलियो हुन्छ? खतिवडाको यो अभिव्यक्तिले कांग्रेसभित्रको आन्तरिक विवाद र नेतृत्वको प्रभावकारितामाथि नयाँ बहस सिर्जना गरेको छ ।

## बीपी राजमार्गमा थप एक महिना रातिको समयमा यातायात सञ्चालनमा रोक

*काठमाडौं,२० असार ।*

बीपी राजमार्गमा रातिको समयमा थप एक महिना यातायात सञ्चालनमा रोक लगाइएको छ । बुधबार बसेको जिल्ला सुरक्षा समिति काभ्रेपलाञ्चोकको सुरक्षा बैठकको निर्णय अनुसार, साँझ ६:३० देखि बिहान ५ बजेसम्म थप एक महिनासम्म बीपी राजमार्गमा यात्रुबहाक तथा निजी सवारी सञ्चालनमा रोक लगाइएको जिल्ला प्रशासन कार्यालय काभ्रेका सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन

बाँकी तेश्रो पृष्ठमा⇨


जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा